नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

## मानवश्रोत विकास विभाग

## (भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भू काठमाण्डौ ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/०४/११ गते, विज्ञापन नंम्बरः ०१(०७४/०७५)

श्री सशस्त्र प्रहरी बल नेपालमा रिक्त रहेको प्राविधिक समुह तर्फ **सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक)** पदमा खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु १०/- को टिकट टांसी (स्वयम् उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **दरखास्त लिने मिति :-** २०७४/०४/११ गते, बिहान १०:०० बजे देखि २०७४/०५/०८ गते, १७:०० बजे सम्म ।

२. **सम्पर्क मिति :-** २०७४/०५/०९ गते, विहान ११:०० बजे फाराम दर्ता गरेको सम्बन्धित कार्यालयमा ।

३. **दरखास्त फाराम बुझाउने स्थान :-** सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

४. **नियुक्ति हुनको लागि आवश्यक योग्यता :-**

| सि.नं. | दर्जा | उमेरको हद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | विज्ञापन प्रकाशित भएको दिन २१ बर्ष पुरा भई ३० बर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उत्तीर्ण वा सो सरह उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।<br>ख. आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>ग. पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>घ. पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तीमा पाँच फिट उचाई भएको,<br>ङ. पुरुषको लागि कम्तीमा ५० के.जी. र महिलाको लागि कम्तीमा ४२ के.जी. तौल भएको,<br>च. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>छ. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>ज. आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>ञ. दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ट. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ठ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>ड. मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ढ. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |

५. **आवश्यक पद संख्या :-**

| पद | खुला | समावेशी | | | | | अमर/अशक्त स.प्र.क. सन्तती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | | |
| प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | ६ | १ | १ | १ | १ | - | - | १० |

६. **राजश्व दस्तुर :-** दरखास्त बुझाउदा **रु. १०००।- (एक हजार)** बुझाउनु पर्नेछ । साथै समावेशी तर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको **२०%** रकम थप दस्तुर बुझाउनु पर्नेछ ।

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ :-**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ प्रति ।

(ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति ।

(घ) आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(ङ) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(च) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

(छ) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिसको सक्कल प्रति ।

८. **परीक्षा बिधि :-**

| | | |
|---|---|---|
| (क) प्रारम्भिक शारीरिक परिक्षण | (ख) शारीरिक सहिष्णुता परीक्षा | (ग) विस्तृत स्वास्थ्य परिक्षण |
| (घ) लिखित परीक्षा | (ङ) विशेष स्वास्थ्य परीक्षण | (च) अन्तर्वार्ता |

**पुनश्च :-**

(क) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(ख) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फ उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरिनेछ ।

(ग) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (अ) खुला | (आ) महिला | (इ) आदिवासी/जनजाती | (ई) मधेसी |
| (उ) दलित | (ऊ) पिछडिएको क्षेत्र | (ए) अमर/अशक्त स.प्र.क. सन्तती | |

(घ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल प्रधान कार्यालयवाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नु पर्नेछ ।

(ङ) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन नहुँदा सम्म रिक्त हुन आएका पद समेत यसै बिज्ञापनमा समावेश गर्न सकिनेछ ।

(च) दरखास्त फाराम सशस्त्र प्रहरी बलको **website: www.apf.gov.np** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी तोकिएको स्थानमा बुझाउन सकिनेछ ।

(छ) दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्नेछ ।

(ज) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्नेछ (पुरुषको लागि मात्र) ।

(झ) छनौट परीक्षाको अवधीभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

**नोट :-** उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बलको वेभ साईट ***www.apf.gov.np*** बाट तथा नेपाल टेलिकमको ***SMS*** सेवा मार्फत ***RCT<Space>*** **दर्ता नं.** टाईप गरी १११४ मा ***SMS*** गरी जानकारी लिन सकिनेछ । तर प्राविधिक कारणबस नतिजा बाझिन गएमा आधिकारीक पत्रद्वारा प्रकाशित सूचनानै मान्य हुनेछ ।

मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।